# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड - ४, संख्या -१, श्रावण ७ गते, २०७९ साल**


# भाग - २

## इस्मा गाउँपालिका

## “पशु हेरालु अनुदान कार्यक्रम सञ्चालन कार्यविधि–२०७९”

**प्रस्तावना**

इस्मा गाउँपालिकावाट पशु व्यवसाय प्रबर्धन गर्नको लागि उपलब्ध गराइने अनुदानलाइ व्यवस्थित, प्रभावकारी,दिगो तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी इस्मा गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यबिधिको नाम "इस्मा गाउँपालिकाको पशुहेरालु अनुदान कार्यक्रम सञ्जालन कार्यविधि–२०७९" रहेको छ।

(२) यो कार्यविधि इस्मा गाउँपालिकावाट स्विकृत भएपछि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "**ऐन**" भन्नाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ हुनेछ।

(ख) "**अध्यक्ष**" भन्नाले इस्मा गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ग) "**उपाध्यक्ष**" भन्नाले इस्मा गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(घ) "**उत्पादक**" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादन गर्ने कृषक/पशुपालक कम्पनी, कृषि फार्म वा सहकारीलाई सम्झनु पर्छ।

(ङ) "**एजेन्ट**" भन्नाले कृषि तथा पशुपालक उद्यमी, व्यवसायी, पशुपंक्षीजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनुपर्छ र सो शव्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(च) "**कार्यपालिका**" भन्नाले इस्मा गाउँकार्यपालिका सम्झनुपर्छ।

(छ) "**कृषक तथा पशुपालक**" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक पशुपालन गर्ने कृषक तथा पशुपालन गर्ने कृषक तथा पशुपालक समूह, पशुपालक व्यवसायी, पशुपंक्षी फर्म तथा सहकारी समेतलाई सम्झनु पर्दछ।

(ज) "**पशु**" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित उपक्षेत्रलाई सम्झनु पर्दछ  र सो शव्दले परम्परागत, अर्धव्यावसायिक तथा व्यावसायिक पशुपालनलाई समेत जनाउँछ।

(झ) "**फार्म**" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका पशुजन्य उत्पादनका लागि सञ्चालन गरिएको पशुपंक्षी फार्म सम्झनु पर्छ।

(ञ) "**पशुपंक्षी बजार**" भन्नाले पशुपंक्षी वा पशुपंक्षीजन्य उत्पादित वस्तुहरुको प्रशोधन ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा सो उपजको बिक्री वितरण गर्ने पशुपंक्षी बजार सम्झनु पर्छ।

(ट) "**पशुजन्य वस्तु**" भन्नाले कृषकले कुनै पशुजन्यबाट उत्पादन गरेको उपभोग्य पशुजन्य वस्तु सम्झनुपर्छ।

(ठ) "**पशुजन्य व्यवसाय**" भन्नाले देहायको व्यवसाय सम्झनुपर्छः–

(१) पशुपंक्षी सम्बन्धित सामाग्री,
(२) व्यावसायिक उद्देश्यले गरिने पशुपंक्षीजन्य उत्पादन ,
(३) पशुपंक्षीजन्य वस्तुको सङ्कलन तथा प्रशोधन,
(४) पशुपंक्षीजन्य उपजको व्यापार,
(५) पशुपंक्षीजन्य उत्पादनका लागि प्रयोग हुने घाँस, औषधि, तालिमको साथै सोको उत्पादन, भण्डारण तथा वितरण,
(६) पशुपंक्षीजन्य उत्पादनको लागि प्रयोग हुने सामाग्रीहरु जस्ताःबिउ, विजन नशल उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(ड) “**खुद्रा बजार**” भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा सामान र मुल्यलाई सम्झनु पर्छ।

(ढ) “**गाउँपालिका**” भन्नाले इस्मा गाउँपालिका सम्झनु पर्छ।

(ण) “**थोक बजार**” भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई पशुपंक्षीजन्य वस्तु बिक्री वितरण गर्ने थोक सामग्री र मूल्यलाई सम्झनुपर्छ।

(त) “**प्रमुख प्रशासकीय अधिकृत**” भन्नाले इस्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(थ) “**बिक्रेता**” भन्नाले पशुपंक्षीजन्य वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, पशुपालन फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनुपर्छ।

(द) “**व्यवसायिक पशुपंक्षीजन्य करार**” भन्नाले व्यवसायिक पशुपंक्षीजन्य वा पशुपंक्षी फार्मको सञ्चालन, पशुपंक्षीजन्य वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा पशुपंक्षीजन्य व्यवसाय प्रबर्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु बीच भएको सम्झौता वा व्यवसायिक पशुपंक्षीजन्य करारलाई सम्झनु पर्दछ।

(ध) “**वडा**” भन्नाले इस्मा गाउँपालिकाको वडा सम्झनुपर्छ।

(न) “**समिति**” भन्नाले यस कार्यबिधिको दफा ५ बमोजिम गठन भएको पशुपंक्षीजन्य बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ऩ) “**सभा**” भन्नाले इस्मा गाउँसभालाई सम्झनुपर्छ।

(प) “**सङ्कलन केन्द्र**” भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले पशुपंक्षीजन्य उपज सङ्कलन गरेर विक्रेतालाई विक्री गर्ने स्थल सम्झनु पर्छ।

(फ) “**शाखा**” भन्नाले यस कार्यबिधि अनुसार विषयगत शाखा अन्तर्गत पशु सेवा शाखा सम्झनुपर्छ।

## परिच्छेद–२

**३. अनुदान उपलब्ध गराउन सक्ने:** गाउँपालिकाले बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

### ४. अनुदानको सूचना र अनुदानग्राहीको छनौट:

(१) अनुदान सम्बन्धी कार्य सञ्चालन गर्न सम्बन्धित शाखा र इकाइले बार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम किसानहरु सूचनाको पहुँच पुग्ने गरी आवेदन मागका लागि कम्तिमा १५ दिनको सुचना प्रकाशन प्रसारण गर्नु पर्नेछ। उक्त आवेदन सम्बन्धि सुचनाको आब्हान प्रत्येक आर्थिक बर्षको भाद्र महिना भित्र गरिसक्नु पनर्नेछ। तर आ.व.२०७९/०८० को हकमा भने असोज मसान्त भित्र गरिसक्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम प्राप्त आवेदन छानविन गरी सिफरिसको लागि सम्बन्धित शाखा र इकाइ समन्वय समितिमा पठाउनु पर्नेछ। समन्वय समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ।

(३) अनुदान रकमको सिमा गाउँपालिकाले उपलब्ध गराइने अनुदान रकम कार्यविधिले तोके भन्दा बढी हुने छैन।

(४) व्यवसायिक किसानको प्रोत्साहनको लागि दुहुना गाई वा भैसी पालेमा बार्षिक रुपमा अनुगमन तथा मूल्याकङ्न प्रतिवेदनका आधारमा अनुदान रकम प्रदान गरिनेछ।

(५) व्यवसायिक किसानको गोठ, फर्ममा कम्तिमा ५ वटा दुहुना गाई वा भैसी पालेमा मासिक रु.१०,००० तथा बार्षिक रुपमा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनका आधारमा रु.१२०,०००।- प्रदान गरिनेछ।

(६) कार्यालयले किसान सँग छनौट पछि कार्यक्रमको सम्झौता गर्नेछ र भुक्तानि प्रक्रियालाई बैंकिङ प्रणाली बाट खातामा भुक्तानी गर्नेछ।

(७) मासिक रुपमा कार्यक्रम अनुगमन गरी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(८) कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन सम्बन्धित शाखाले गर्नेछ।

(९) मासिक दुध उत्पादन रेकर्ड अनुगमनको आधारमा त्रैमासीक रुपमा उत्पादन भुक्तानी गरिने छ।

## परिच्छेद–३

### ५. हेरालु अनुदान समन्वय समिति:

(१) पशुपंक्षी क्षेत्रको समग्र विकास कार्य गर्न लागि इस्मा गाउँपालिकामा एक स्थानीय पशुपंक्षी विकास समन्वय समिति रहनेछ।

क) अध्यक्ष -संयोजक

ख) उपाध्यक्ष -सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
घ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य
ङ) गाउँपालिकाको पशु सेवा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिले यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ।

(३) काम, कर्तव्य र अधिकार यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. स्थानीयस्तरमा पशु व्यवसाय प्रवर्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,
ख. पशु व्यवसाय प्रवर्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,
ग. पशु व्यवसायको प्रवर्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,
घ. अनुदान कार्यक्रम सञ्जालनमा सहजीकरण गर्ने,
ङ. उत्पादित दुधको बजारीकरणको लागि आवश्यक समन्वय,
च. तोकिए वमोजिमको अन्य आवश्यक कार्यगर्ने।

## परिच्छेद–४

**६. व्यवसाय तथा फर्म दर्ता गरी सञ्चालन गर्नु पर्नेः**

(१) पशुपंक्षीजन्य व्यवसाय सञ्चालन गर्न चाहने कृषकहरुले कृषि फर्म दर्ता गर्नुपर्नेछ।
(२) दर्ता नभएका कृषि फर्महरुलाई अनुदान कार्यक्रममा सहभागी गराइने छैन।

**७. थपघट वा हेरफेर गर्न सक्नेः** यो कार्यबिधिको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन इस्मा गाउँपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

**८. बचाऊः** यस कार्यबिधिको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै कार्यबिधि वमोजिम भएको मानिनेछ।

# अनुसूची १

सूचना प्रकाशन मिति ......

## किसान सूचीकृत सम्बन्धि गाउँपालिकाको सूचना

पशु हेरालु अनुदान सम्बन्धि यस गाउँपालिकाको आ.व. ..... को बार्षिक कार्यक्रमअनुसार पशु हेरालु अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा समावेश हुन चाहाने इच्छुक किसान, ब्यवसायी फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र तपसिलको कागजात सहित आवेदन पेश गर्नुहुन सबैमा सूचना गरिन्छ।

तपसिल

१. ब्याक्तिगत निवेदन
२. फर्म दर्ताको प्रमाण पत्र प्रतिलिपि
३. पाच ओटा दुहुना गाई वा भैसीको रेकर्ड
४. वडा कार्यालयको सिफारिस
५. व्यवसाय गरेको स्थानको जग्गाधनी प्रमाण पुर्जा फोटोकपी प्रतिलिपि वा लिजमा भए सम्झौता पत्र

## अनुसुची २

## निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू मिति.........

इस्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल गुल्मी।

**विषय: कार्यक्रम सम्झौता सम्बन्धमा**

प्रस्तुत विषयमा इस्मा गाउँपालिका कार्यालय गुल्मीको पशु हेरालु अनुदान कार्यक्रम अनुसार म इस्मा गाउँपालिका वडा.न. ..... बस्ने ....... म ............ संख्यामा दुहुना गाइ,भैसी भएको हुनाले उक्त कार्यक्रको सम्झौता गरिदिनुहुन अनुरोध गर्दछु। साथै आवश्यक कागजात यसै निवेदन साथ पेश गरेको छु।

**कागजातहरु**

१. निवेदन

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिवडा कार्यालयको सिफारिस

३. व्यवसाय गरेको स्थानको जग्गाधनी प्रमाण पुर्जा फोटोकपी प्रतिलिपि वा लिजमा भए सम्झौता पत्र

निवेदक

नाम...

ठेगाना.......

फोन.न. ......

## अनुसुची ३

### सम्झौता पत्रः

इस्मा गाउँपालिकाको आ.ब. .....................को स्वीकृत कार्यक्रम अनुसार पशु हेरालु अनुदान कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्जालनको लागि इस्मा गाउँपालिका गुल्मी (यसपछि प्रथम पक्ष भनिने ) र इस्मा गाउँपालिका वडा.न. .. बस्ने श्री .... (यसपछि दोश्रो पक्ष भनिने) बिच तपसिलका शर्तहरु पालना गर्ने गरी सम्झौता गरी लियौं दियौं।

**तपसील**

१. प्रथम पक्षले पशु हेरालु अनुदान उपलब्ध गराउदा अनुदानको रेकड तिन दुहुना गाइ , भैसी बाट रहनेछ यसरी दिईने अनुदानमा जम्मा दुध दिने गाइ,भैसीको आधारमा उपलब्ध गर्नुपर्ने रकम भुक्तानी हुनेछ।

२. दोस्रो पक्षको पशु हेरालु अनुदान पाउँनका लागि अनिर्वाय रुपमा फर्म दर्ता र स्थायी लेखा नम्बर लिनुपर्नेछ ।

३. दोस्रो पक्षले गाइ ,भैसीको संख्या धेरै भएको तर दुहुना गाइ,भैसी नभएका प्रथम पक्षले अनुदान उपलब्ध गाराउने छैन ।

४. दोस्रो पक्षले दुहुना गाई , भैसी हटाएमा वा हुहुना गाइ,भैसी ३ भन्दा कम भएमा प्रथम पक्षले अनुदान उपलब्ध गराइने छैन

५. प्रथम पक्षले मासिक रुपमा अनुगमन गर्नुपर्नेछ सो को लागी दोस्रो पक्षबाट समन्वय गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले मासिक गाई,भैसीको दुध उत्पादन रेकर्ड राख्नुपर्नेछ ।

यस सम्झौता मा समाबेश भएका विषय यसै अनुरुपमा हुने यस सम्मझैतामा समाबेश नभएका कुरा प्रचलित कानून अनुसार हुनेछ

**दोस्रो पक्षको तर्फबाट प्रथम पक्षको तर्फबाटरोहवर**

| | | |
|---|---|---|
| दस्तखतः | दस्तखतः | स्थानीय निकायको तर्फबाट |
| नामः | नामः | दस्तखतः |
| पदः | पदः | नामः |

संस्थाः छापः पदः

कार्यालयको छापः

**<u>हेराललु अनुदानका लागि पेश गर्नुपर्ने कागजातहरुः</u>**

१. वडा कार्यालयको सिफारिस

२. सम्बन्धित प्राबिधिकको सिफारिस

३. सम्बन्धित प्राविकिको अनुगमन मुल्याकनको आधारमा

४. नागरिकताको प्रतिलिपि

५. उत्पादित दुध उत्पादन रेकर्ड

६. रीतपूर्बकको आबेदन फाराम

७. फर्म दर्ताको प्रमाण–पत्र प्रतिलि

८. अन्य प्रमाणित प्रमाण–पत्रहरुको प्रतिलिपि(तालिम,योग्यता,अनुभब,जग्गा भाडा सम्झौता पत्र)।

## अनुसूची–४
## हेरालुको लागि किसालेले राख्नु पर्ने बिबरण

| | किसानको नाम थर | ठेगाना | पशु संख्या | उत्पादित दुध | पालेका पशु संख्या | बिक्रीसंख्या/लि. | दर | जम्मा बुझ्केकोरु | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |